# स्थानीय तह निर्वाचन आचार संहिता, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७३।११।१७

**संशोधन**

स्थानीय तह निर्वाचन (पहिलो संशोधन) आचार संहिता, २०७४ २०७४।१।१८

प्रस्तावना : स्थानीय तहको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सरोकारवालासँग परामर्श गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम “स्थानीय तह निर्वाचन आचार संहिता, २०७३” रहेको छ ।

→(२) यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागू हुनेछ ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) “आयोग” भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनुपर्छ ।

(ख) “निर्वाचन” भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(ग) “पर्यवेक्षक” भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) “राजनीतिक दल” भन्नाले नेपालको संविधानको धारा २७१ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले धारा २६९ को उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दललाई समेत जनाउँछ ।

(च) “सम्बन्धित व्यक्ति” भन्नाले उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निर्वाचन प्रचार-प्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधि वा राजनीतिक दल वा सोको भातृ सङ्गठनको सदस्य वा कार्यकर्तालाई समेत जनाउँछ ।

(छ) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

→ निर्वाचन आयोगको मिति २०७३।११।१७ को निर्णयले मिति २०७३।११।१८ देखि (उम्मेदवारको हकमा मनोनयन दर्ता भएको दिन देखि) लागू हुने गरी तोकिएको ।

३. <u>आचार संहिता लागू हुने</u> : (१) यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,
(ख) स्थानीय निकाय/तह,
(ग) स्थानीय निकाय/तहका कर्मचारी,
(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,
(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा तत् निकायमा कार्यरत सुरक्षाकर्मी,
(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,
(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,
(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
(ञ) सार्वजनिक पद धारणा गरेको व्यक्ति,
(ट) पर्यवेक्षक,
(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
(ड) निजी तथा गैरसरकारी संस्था,
(ढ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति,
(ण) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी ।

(२) आयोगले उपदफा (१) बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग-अलग मितिदेखि यो आचार संहिता लागू हुने गरी तोक्न सक्नेछ ।

®४. <u>निर्वाचनमा सवारी साधनको प्रयोग</u> : (१) निर्वाचनमा देहायका उम्मेदवारले देहाय बमोजिम सवारी साधन प्रयोग गर्न सक्नेछन् :-

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र एउटा मोटर साइकल,

(ख) उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल,

(ग) सवारी साधन नचल्ने ठाउँमा बढीमा दुईवटा घोडा ।

(२) उपदफा (१) बमोजिम सवारी साधनको प्रयोग गर्नु अघि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले त्यस्तो सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

® पहिलो संशोधनद्वारा संशोधित

(३) उपदफा (२) बमोजिम कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको निवेदन परेमा निर्वाचन अधिकृतले उपदफा (१) को अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधनको अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम एउटा उम्मेदवारको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवारले प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(५) उपदफा (३) बमोजिम जारी गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्नेछ ।

५. अनुगमन संयन्त्र : (१) आयोगले यो आचार संहिता कार्यान्वयनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम अनुगमन संयन्त्र निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने अनुगमन संयन्त्र सम्बन्धी अन्य व्यवस्था ®स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. कारबाही र सजाय : कसैले यस आचार संहिताको उल्लङ्घन गरेमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम कारबाही र सजाय हुनेछ ।

७. निर्वाचन आचार संहिता, २०७२ लागू हुने : यस आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुरामा निर्वाचन आचार संहिता, २०७२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

---

® पहिलो संशोधनद्वारा संशोधित

♠अनुसूची-१

(दफा ४ उपदफा (२) सँग सम्बन्धित)

## सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
......................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका,
......................... जिल्ला ।

विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

.....................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको ..................... पदमा ..................... राजनीतिक दलका/स्वतन्त्र उम्मेदवार ..............................को तर्फबाट निर्वाचनको प्रचार-प्रसारको लागि स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ को दफा ४ को अधीनमा रही देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| क्र.सं | सवारी साधनको किसिम | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार<br>थान : | | | |
| २. | मोटरसाईकल<br>थान : | | | |
| ३. | घोडा<br>संख्या : | | | |

उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको नाम : ...................................

दस्तखत : ...................................

राजनीतिक दल.............../स्वतन्त्र उम्मेदवार

मिति : ..................................

♠ पहिलो संशोधनद्वारा थपिएको

♠अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

**निर्वाचन अधिकृतको कार्यालय**

............................गाउँपालिका/नगरपालिका

जिल्ला......................

## सवारी साधनको अनुमतिपत्र

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थर : .....................

उम्मेदवारको वतन : ..................................

उम्मेदवारको राजनीतिक दलको नाम : ...................../स्वतन्त्र उम्मेदवार

सवारी साधनको किसिमः जीप/कार/भ्यान/मोटरसाइकल सवारी साधनको दर्ता नं. :...............

सवारी साधन धनीको नाम, थर : ................................

सवारी साधन धनीको वतन : ....................................

सवारी साधन दर्ता भएको जिल्ला/अञ्चल : .................

अनुमतिपत्र बहाल रहने अवधि : ................................... सम्म ।

कार्यालयको छाप

निर्वाचन अधिकृतको,-

दस्तखत :

नाम :

मिति :

♠ पहिलो संशोधनद्वारा थपिएको